# नेपाल अर्बुद रोग निवारण संस्था

## कास्की शाखा

### सुर्तीजन्य पदार्थ सम्बन्धि बक्तृत्वकला प्रतियोगिता सम्पन्न




नेपाल अर्बुदरोग निवारण संस्था, कास्कीले विश्व धुम्रपान रहित दिवशको अवसरमा "सुर्तीजन्य पदार्थमा कर बढाऔं, रोग तथा मृत्यु घटाऔं" विषयमा माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता २०७१ जेष्ठ १५ गते ईन्टेल ईन्स्टीच्यूट, बास्तोलाथर, पोखरा-९ मा सम्पन्न भएको छ । उक्त प्रतियोगितामा २५ उच्च माध्यमिक विद्यालयका ३५ जना विद्यार्थीहरु सहभागी भएको तथा इन्टेल ईन्स्टीच्यूटको सहकार्यमा सम्पन्न उक्त कार्यक्रममा शिक्षकहरु तथा संस्थाका पदाधिकारी र सदस्यहरु समेतको उल्लेखनिय उपस्थिति रहेको थियो ।

संस्थाका सभापति दिनेश शंकर पालिखेको सभापतित्वमा भएको उक्त वक्तृत्वकला प्रतियोगिता कार्यक्रमा संस्थाका पश्चिमाञ्चल क्षेत्रीय संयोजक सुभाष तभ्न्या, केन्द्रि उप कोषाध्यक्ष माधव प्रसाद सिग्देल, ईन्टेल ईन्स्टीच्यूटका निर्देशक शिव त्रिपाठी र कार्यक्रम संयोजक प्रेम बहादुर भुजेल लगायतले सुर्तीजन्य पदार्थको नियन्त्रण र क्यान्सर रोग सम्बन्धमा जानकारी दिनु भएको थियो । धुम्रपान तथा सुर्ती सेवन मानव स्वास्थ्यका लागि अत्यन्तै हानिकारक भएको र मानव जिवनको आर्थिक र सामाजिक कृयाकलापमा समेत नकारात्मक असर पर्ने साथै युवाहरुमा सचेतना जागृत गराउने उदेश्यले आयोजित गरिएको थियो ।

विश्व धुम्रपान रहित दिवशको उपलक्ष्यमा संस्थाले धुम्रपान सम्बन्धी वक्तृत्वकला प्रतियोगिता, सुर्तीजन्य पदार्थ सम्बन्धि जनचेतनामूलक ब्रोसर वितरण, क्यान्सर तथा धुम्रपान सम्बन्धि जनचेतना मुलक कार्यक्रम र विश्व धुम्रपान रहित दिवशको मुल कार्यक्रम २०७१ जेष्ठ १७ गते सम्पन्न गरिने कार्यक्रम समेत रहेको संस्थाका सभापति दिनेश शंकर पालिखेले जानकारी दिनुभएको छ ।

दिनेश शंकर पालिखे
(सभापति)
नेपाल अर्बुदरोग निवारण संस्था
कास्की, शाखा
मोबाईन नं. ९८५६०-२०२४५


विश्व धूम्रपान
दिवस
वक्तृत्वकला
नेपाल अर्बुद रोग
संस्था, कास्की






" सुर्तिजन्य पदार्थमा कर बढाऔं, रोग तथा मृत्यु घटाऔं "
विश्व धूम्रपान रहित दिवस
३१ मे २०१४ (२०७१ जेठ १७)
नेपाल अर्बुद रोग निवारण संस्था, कास्की

# नेपाल अर्बुद रोग निवारण संस्था
## कास्की शाखा

### विश्व धुम्रपान रहित दिवसको कार्यक्रम सम्पन्न




नेपाल अर्बुदरोग निवारण संस्थाले विश्व धुम्रपान रहित दिवसको अवसरमा जेठ १७ गते सुर्तीजन्य पदार्थको नियन्त्रण सम्बन्धि सचेतना कार्यक्रम सहित कार्यक्रम सम्पन्न गरेको छ । यस वर्षको विश्व धुम्रपान रहित दिवसको नारा “सुर्तीजन्य पदार्थमा कर बढाऔं, रोग र मृत्यु घटाऔं” भन्ने रहेको थियो । उक्त कार्यक्रममा प्रमुख अतीथि स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्ण प्रसाद बास्तोला, श्रोत व्यक्ति डा. कालु शर्मा , नेपाल उद्योग वाणीज्य महासंघका पूर्व अध्यक्ष आनन्द राज मुल्मी , केन्द्रीय उप-कोषाध्यक्ष माधवप्रसाद सिग्देल र पश्चिमाञ्चल क्षेत्रीय संयोजक सुभाष तभ्या लगायतले सुर्तीजन्य पदार्थको नियन्त्रण साथै जनचेतना र कर वृद्धिमा जोड दिनुभएको थियो ।

उक्त अवसरमा संस्थाका सभापती दिनेश शंकर पालिखेले संस्थाका गतिबिधी सम्बन्धि जानकारी दिनुभएको थियो । कार्यक्रम संयोजक प्रेम बहादुर भुजेलले सहजीकरण र सचिव राम प्रसाद बस्ताकोटीले स्वागत गर्नु भएको उक्त कार्यक्रममा वक्तृत्वकला प्रतीयोगीतामा बिजयी बिद्यार्थीहरुलाई प्रमाणपत्र र पुरस्कार बितरण गरीएको थियो ।

जेठ १५ गते सम्पन्न भएको वक्तृत्वकला प्रतीयोगीतामा सुमन परियार, महिमा उच्च मा.बि. प्रथम ,सुनिता कार्की, सेन्टमेरीज उच्च मा.बि. द्धितिय , आशिष कार्की, रत्नज्योति उच्च मा.वि. तृतीय र विनिता आचार्य र आस्था पौडेल, मदरल्याण्ड उच्च मा.बि. ले सान्त्वना स्थान प्राप्त गरेका छन् ।

संस्थाका सभापती दिनेश शंकर पालिखेको सभापतीत्वमा सम्पन्न भएको उक्त कार्यक्रममा सुर्तीजन्य पदार्थ सम्बन्धि जनचेतनामूलक ब्रोसर वितरण समेत बितरण गरीएको थियो । उक्त सचेतना कार्यक्रममा बिभीन्न शैक्षिक , सामाजिक संघसंस्थाका प्रतिनीधि , संचारमाध्यम तथा आजीवन सदस्यहरुको उपस्थिती रहेको थियो ।


दिनेश शंकर पालीखे ( सभापती )
नेपाल अर्बुदरोग निवारण संस्था , कास्की
मोवाईल : ९८५६०-२०२४५